धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ६ | सङ्ख्याः ९ | मितिः २०८१/०७/३०


## भाग – २

### धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# सङ्घ संस्था दर्ता नियमावली, २०८१

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# सङ्घ संस्था दर्ता नियमावली, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/३०**

**प्रस्तावनाः** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्यमा त्यस्ता संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न वाञ्छनीय भएकाले नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ३ र सङ्घ संस्था दर्ता सम्बन्धी ऐन, २०७६ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी धर्मदेवी नगरकार्यपालिकाले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस नियमावलीको नाम "धर्मदेवी नगरपालिका सङ्घ संस्था दर्ता सम्बन्धी नियमावली, २०८१" रहनेछ।

(२) यो नियमावली नगरकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः**

(क) "ऐन" भन्नाले धर्मदेवी नगरपालिकाको सङ्घ संस्था दर्ता सम्बन्धी ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले धर्मदेवी नगरपालिकाको सङ्घ संस्था दर्ता सम्बन्धी नियमावली, २०८१ सम्झनु पर्छ।

(ग) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, आर्थिक, व्यवसायिक, शारीरिक विकास तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएका सङ्घ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र, समिति आदिलाई सम्झनु पर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँछ।

(घ) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको अधिकारी सम्झनुपर्छ र यसरी अधिकारी नतोकिएकोमा नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्छ।

(च) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस नियमावलीमा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिम धर्मदेवी नगरपालिकाको न्यायिक समिति सम्झिनुपर्छ।

(ज) "कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

(झ) "स्थानीय सरकार" भन्नाले धर्मदेवी नगरपालिकालाई सम्झनु पर्छ।

(ञ) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्य क्षेत्र एकिन गर्ने सम्बन्धमा बनेको अर्को सङ्घीय वा प्रदेश ऐन सम्झनु पर्छ।

(ट) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ।

(ठ) "दातृ निकाय" भन्नाले सामाजिक, आर्थिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्छ।

(ड) "विधान" भन्नाले यो नियमानुसार स्थापित हुने अनुसूची ४ बमोजिमको नमूना विधान अनुसार बनेको संस्थाको विधान भन्ने सम्झनु पर्छ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः**

(१) यस नियमावली बमोजिम दर्ता नगरी कसैले पनि धर्मदेवी नगरपालिका क्षेत्रभित्र सङ्घ संस्था स्थापना गर्न पाइने छैन।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन, तर यस नियमको प्रतिकुल हुने गरी दर्ता भएको पाइएमा त्यस्ता संस्थाको दर्ता स्वतः बदर हुनेछ।

**४. संस्था दर्ताः**

(१) संस्था स्थापना गर्न चाहनेले आवश्यकता अनुसार ९ देखि बढीमा ११ जना पदाधिकारी राखि संस्था सम्बन्धी देहायका विवरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(क) संस्थाको नाम,

(ख) संस्थाको उद्देश्य,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नम्बर, पेशा, हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना।

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुनु पर्नेछ।

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रमाणित विधान (कार्य समितिका सदस्यहरु बनेको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

धर्मदेवी नगरपालिका, शङ्खुवासभा

(३) उपनियम (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले जाँचबुझ पश्चात् संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनेछ। यस नियम अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ र सो बापत लाग्ने दर्ता तथा नवीकरण दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ।

(४) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनुपर्नेछ। निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र तोकिएको अदालत समक्ष उजुरी दिन सक्नेछ।

**५. सङ्गठित संस्था मानिने:**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ, सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र नगर कार्यपालिकाको अनुमति लिई बेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

**६. संस्थाको सम्पत्ति:**

(१) संस्थाका सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राखेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानूनी उपचारमा जान सक्नेछ।

**७. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नवीकरण गर्ने:**

(१) यो नियमावली प्रारम्भ हुनु अघि तत्काल कानून बमोजिम धर्मदेवी नगरपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नवीकरण गरेमा यसै ऐन तथा नियमावली अनुसार दर्ता भएको मानिनेछ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएको र हाल धर्मदेवी नगरपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले नगरपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी नियमावलीको नियम ४ को उपनियम (१) र (२) बमोजिम निवेदन दिई स्थानीय अधिकारीबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्। यसरी शाखा दर्ता प्रमाणपत्र प्राप्त गरेपछि मात्र नगरपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाका कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ।

९. **लेखापरीक्षण गर्नेः**

(१) संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

(२) लेखापरीक्षकले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) संस्थाले तोकिएको म्याद भित्र लेखापरीक्षण प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेस गर्नुपर्नेछ र सो प्रतिवेदनका आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान वा दुरुपयोग गरेको देखिएमा स्थानीय अधिकारीले त्यस्ता पदाधिकारी, कर्मचारी वा सदस्यबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ।

१०. **नवीकरण गर्नेः**

(१) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र संस्थाले देहायका कागजातहरु संलग्न राखि संस्था नवीकरणका लागि अनुसूची ३ बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(क) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि १ प्रति

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) संस्था दर्ताको सक्कलै प्रमाणपत्र

(घ) कार्य समितिको निर्णय प्रतिलिपि।

११. **निर्देशन दिनेः** धर्मदेवी नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

१२. **दण्ड सजायः**

(१) नियम ४ को उपनियम (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा नियम ७ बमोजिम शाखा दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको कार्य समितिका सदस्यहरुलाई कानून बमोजिम दण्ड र सजाय दिइनेछ।

(२) नियम १० बमोजिम वार्षिक नवीकरण नगर्ने संस्थाले प्रति वर्ष शत प्रतिशत नवीकरण दस्तुर तिरी तीन आर्थिक वर्षभित्र संस्था नवीकरण गराउन सक्नेछन्। तीन आर्थिक वर्ष सम्ममा पनि नवीकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछ।

(३) नियम ९ को उपनियम (२) बमोजिम लेखापरीक्षकले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ।

(४) नियम ८ को उपनियम (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृत नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्य प्रतिकुल हुनेगरी काम कारबाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्ता संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

**१३. पुनरावेदनः** नियम १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ।

**१४. संस्थाको बिघटनः**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्ता संस्थाको सम्पूर्ण जायजेथानगरपालिकाको हुनेछ।

(२) उपनियम (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्ता दायित्व नगरपालिकाले बेहोर्नेछ।

**१५. नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र एकिन गर्ने सम्बन्धमा अर्को संघीय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्ता संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र एकिन हुनेछ। नगरपालिकामा दर्ता भएको संस्था त्यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशील हुनेछ।

**१६. खारेजी र बचाउः**

(१) यस नियमावलीको नियम वा उपनियमहरु नगर कार्यपालिकाले आवश्यकता बमोजिम खारेज वा संशोधन गर्न सक्नेछ। त्यसैगरी यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) संस्था रजिष्ट्रेसन ऐन, २०१६ लगायत नेपाल सरकारद्वारा संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता गरी यस नगरपालिकाको कार्यक्षेत्र भित्र सञ्चालनमा रहेको सङ्घ संस्था यसै नियमावली बमोजिम दर्ता भए सरह मानिनेछ।

(३) यस नियमावलीमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रादेशिक कानूनसँग बाँझिएको खण्डमा बाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछ।

**अनुसूची १**

**(नियम ४ को उपनियम १ सँग सम्बन्धित)**

संस्था दर्ता गर्ने निवेदनको नमूना

मितिः- २० ... ... / ... ... / ... ...

**विषयः-** संस्था दर्ता गर्ने सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा।

धर्मदेवी नगरपालिकाको वडा नं. ... ... को ... ... ... ... ... ... ... टोलमा स्थापना गरिएको ... ... ... ... ... ... ... संस्थालाई धर्मदेवी नगरपालिकाको कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु। यस संस्थाको विधान र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरिएको छ।

निवेदक
नाम थरः-
पदः-
संस्थाको नाम ठेगानाः-

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची २

(नियम ४ को उपनियम ३ सँग सम्बन्धित)

सङ्घ संस्था दर्ता प्रमाण पत्रको नमूना

दर्ता नं:-

मिति:-

धर्मदेवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सङ्खुवासभा, कोशी प्रदेश

**संस्था दर्ता प्रमाण पत्र**

धर्मदेवी नगरपालिका वडा नं. ... ... ... ... स्थित ... ... ... ... ... ... ... मा स्थापना भएको ... ... ... ... ... ... ... लाई धर्मदेवी नगरपालिकाको मिति ... ... ... ... ... ... को निर्णय बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सक्रिय सहभागिताको अपेक्षाका साथ उत्तररोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

... ... ... ... ... ... ... ... ...

प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची ३

(नियम १० को उपनियम १ सँग सम्बन्धित)

नवीकरणका लागि दिइने निवेदनको ढाँचा

मितिः-

**विषयः-** संस्था नवीकरण गर्ने सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्वरे, सङ्खुवासभा।

धर्मदेवी नगरपालिकाको वडा नं. … … को … … … … … … … टोलमा स्थापना गरिएको … … … … … … .. संस्था नवीकरणका लागि आ.व. … … … … को लेखापरीक्षण प्रतिवेदन लगायतका कागजातहरु यसै निवेदन साथ संलग्न गरि पेस गरिएको बेहोरा अनुरोध छ।

निवेदक
नाम थरः-
पदः-
संस्थाको नाम ठेगानाः-

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची ४

**(नियम २ को उपनियम १३ सँग सम्बन्धित)**

विधानको नमूना

………………………………………संस्थाको विधान, २०८१

**प्रस्तावनाः** ……………… (संस्था दर्ता गर्नुको औचित्यको छोटो पृष्ठभूमी) ……………………………………… सामाजिक तथा आर्थिक रुपमा शसक्त सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने तथा मानव विकासमा जुट्ने उद्देश्य लिई यस संस्थाको सञ्चालनका लागि ………………………………………… संस्थाको विधान, २०८१ धर्मदेवी नगरपालिका सङ्घ संस्था दर्ता नियमावली, २०८१ को अधिनमा रहि तर्जुमा गरिएको छ।

## परिच्छेद १

## प्रारम्भ

१. **संस्थानको नामः** …………………… हुनेछ । अङ्ग्रेजीमा यसलाई …………………… भनिनेछ।

(क) संस्थाको कार्यालय रहने ठेगानाः- यस संस्थाको कार्यालय ………… मा रहनेछ।

(ख) संस्थाको कार्यक्षेत्रः- यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रुपम धर्मदेवी नगरपालिका भित्र हुनेछ । प्रचलित कानूनको रित पु¥याई सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानमा पनि शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "संस्था" भन्नाले ………………………लाई सम्झनु पर्छ।

(ख) "विधान" भन्नाले ………………………… को विधानलाई सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले यस विधान अनुसार बन्ने साधारण सभा र विषेश साधारण सभालाई सम्झनु पर्छ।

(ङ) "पदाधिकारी" भन्नाले यस संस्थाको पदाधिकारीलाई सम्झनु पर्छ।

(च) "नियम विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ।

(छ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यो र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिए वा तोकिए बमोजिम हुनेछ।

(ज) "स्थानीय सरकार" भन्नाले धर्मदेवी नगरपालिकालाई सम्झनु पर्छ।

(झ) "स्थानीय अधिकारी" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) "सम्बन्धित कार्यालय" भन्नाले धर्मदेवी नगर कार्यपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई बुझाउनेछ।

(ट) "सल्लाहकार" भन्नालले यस विधान अन्तर्गत कार्य समितिले नियुक्ति गर्ने सल्लाहकारलाई जनाउनेछ।

(ठ) "सदस्य" भन्नाले यस संस्थाको कुनै पनि सदस्यलाई जनाउनेछ।

(ड) "ऐन" भन्नाले धर्मदेवी नगरपालिका सङ्घसंस्था दर्ता सम्बन्धी ऐन, २०७६ लाई जनाउँछ।

(ढ) "नियमावली" भन्नाले धर्मदेवी नगरपालिकाको सङ्घ संस्था दर्ता नियमावली, २०८१ लाई जनाउँछ।

३. **संस्थाको छाप र चिन्हः** संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएका कुनै संस्थासँग मेल खाएमा संशोधन प्रक्रियाद्वारा तुरुन्तै संशोधन गरिनेछ।

## परिच्छेद २
## उद्देश्य

४. **संस्थाको उद्देश्यः** यस संस्थाको उद्देश्य देहाय बमोजिमको हुनेछ।

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ।

(ख) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ।

(ग) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...।

(घ) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...।

(ङ) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...।

(च) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... आदि।

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

(क) संस्थाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाइप राइटर, फ्याक्स जस्ता कार्यालय प्रयोजनका सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा कर्मचारीको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

(घ) विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थासँग संस्थाका उद्देश्यसँग मिल्ने प्रकृतिका कार्यक्रममा सहकार्य गर्न सकिनेछ।

## परिच्छेद ३
## सदस्यता सम्बन्धी व्यवस्था

६. **सदस्यताको वर्गीकरणः** यस संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ।

(क) साधारण सदस्यः यस विधानको नियम ७ अनुसार योग्यता भई सदस्य बनेका सदस्यहरु साधारण सदस्य मानिने छन्।

(ख) आजीवन सदस्यः नियम ७ अनुसार योग्यता भई चल अचल सम्पत्ति कम्तिमा रु. ... ... ... वा सो भन्दा बढी एकमुष्ठ ... ... ... बुझाएमा यस संस्थाको आजीवन सदस्य रहनेछन् ।

(ग) संस्थापक सदस्यः संस्था स्थापना हुँदाको कालमा संगठित भई क्रियाशील भएका सदस्यहरु।

(घ) मानार्थ सदस्यः संस्थाको विकासका निम्ति विशेष योगदान दिएका वा दिनेछन् भनी संस्थाले प्रदान गर्ने मानार्थ सदस्य। यस्ता सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिइने छैन।निजहरुले संस्थाको निर्वाचनमा उम्मेद्वारी दिन र मताधिकार प्रयोग गर्न पाउने छैनन्। राय सल्लाह र सुझाव दिन सक्नेछन्।

७. **सदस्यता प्राप्त गर्नका लागि आवश्यक योग्यताः** यस ... ... ... ... को विधान र उद्देश्यमा आस्था राख्ने १८ वर्ष पुरा भएको नेपाली नागरिकहरु यस संस्थाको सदस्य हुन पाउने छन् । साथै उक्त व्यक्तिको मानसिक स्थिति ठिक भएको र संस्थाको हित हुने काम गरेको हुनुपर्नेछ। नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएका व्यक्ति हुनुपर्नेछ।

८. **सदस्यको सदस्य नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्थाः** देहायका कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन।

(क) गैर नेपाली नागरिक र नेपाली नागरिक भएपनि १८ वर्ष पुरा नभएको,

(ख) मानसिक सन्तुलन ठिक नभएको,

(ग) दामासाहीमा परेको,

(घ) कुनै प्रकारका चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माका धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको, भष्ट्राचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्ष भित्रसम्म,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएका।

९. **संस्थाका सदस्यमा बहाल नरहने अवस्थाः** देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाका सदस्यमा बहाल रहने छैनः

(क) उपनियम ८ (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

(ख) साधारण सभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै पनि कार्य गरेमा, कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइका लागि प्रमाण पेस गर्ने मौका दिनुपर्नेछ।

१०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

(क) दफा ७ अनुसार योग्य भई साधारण सदस्य हुन चाहनेले संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रु. ... ... सहित निवेदन पत्र दिएमा सदस्यता प्रदान गर्न सकिनेछ।

(ख) साधारण सदस्यता वार्षिक शुल्क रु. ... ... ... लाग्नेछ । जुनसुकै महिनामा सदस्य बनेमा वा सदस्यता नवीकरण गरेपनि निजले बुझाएको शुल्क चालू आर्थिक वर्षसम्मका लागि मात्र मान्य हुनेछ।अर्को आर्थिक वर्षको लागि पुनः नियमानुसार प्रत्येक वर्षको श्रावण मसान्त भित्र सदस्यता नवीकरण गरिसक्नु पर्नेछ।

(ग) सदस्य प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहनेछ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवश्यक छ।

(घ) आजीवन सदस्यता प्रदान गर्न सिफारिस कार्य समितिले गर्नेछ र यसबारे साधारण सभाले स्वीकृति दिनुपर्नेछ।

## परिच्छेद ४
## साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

११. **साधारण सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरुः**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिमको हुनेछः-

(क) वार्षिक साधारण सभा र

(ख) विशेष साधारण सभा

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र गरिनेछ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय र स्थानतथा छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ।

(४) उपदफा ३ बमोजिम बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः**

(क) कार्य समितिको निर्वाचन गर्ने,

(ख) कार्य समितिका पदाधिकारी एवम् सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित गरी पद मुक्त गर्ने,

(ग) विधानको अधिनमा रहि आवश्यक नियमावली स्वीकृत गर्ने, दरबन्दी सृजना गर्ने, पारिश्रमिक निर्धारण गर्ने,

(घ) वार्षिक कार्यक्रम र बजेट पारित गर्ने,

(ङ) लेखापरीक्षक नियुक्ति गर्ने,

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने,

(छ) विधान बमोजिम अन्य कार्य गर्ने र

(ज) संस्थाको सर्वोच्च अङ्गको रुपमा रहि आवश्यक कार्य सम्पादन गर्ने गराउने।

**१३. कार्य समितिः**

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ। कार्य समितिको संख्या नियमावलीको नियम ४ अनुसार ९ देखि ११ सदस्यीय आवश्यक पदाधिकारी राखि तलको ढाँचामा हुनु पर्नेछ।

१. अध्यक्ष - १ जना
२. उपाध्यक्ष - १ जना
३. सचिव - १ जना
४. सहसचिव - १ जना
५. कोषाध्यक्ष - १ जना
६. सदस्य - ... ... ... जना

(ख) कार्य समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ। समितिमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ।

(ग) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ।

(घ) वार्षिक साधारण सभा हुनु अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ। कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ।

(ङ) कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ, जसमा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ।

(च) कार्य समितिको बैठकमा सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण/माइन्युट छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णयको विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले दस्तखत गर्नुपर्नेछ।

(ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ।

## परिच्छेद ५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१४. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

(१) <u>अध्यक्षको काम, कर्तब्य र अधिकारः</u>

(क) कार्य समितिको बैठक सञ्चालन गर्ने,

(ख) बैठकमा निर्णायक मत दिने,

(ग) साधारण सभाले पारित गरेका निर्णयहरुको कार्यान्वयन र रेखदेख गर्ने गराउने,

(घ) संस्थाको सम्बन्धित कुराहरुको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने,

(ङ) विभिन्न संस्था वा अन्य निकायहरुसँगको सम्बन्धमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने,

(च) संस्थाका पदाधिकारी सदस्यहरुको काम बाँडफाँट गर्ने,

(छ) संस्थाको उद्देश्य प्राप्तिका लागि अन्य कार्य गर्ने,

(ज) संस्थाको भैपरी आउने काममा एकपटकमा रु. ३,०००/– सम्म कार्य समितिबाट अनुमोदन गर्ने गरी खर्च गर्ने अन्यथा सो भन्दा बढी खर्च गर्नुपरेमा कार्य समितिको निर्णय अनुसार खर्च गर्ने।

(२) <u>उपाध्यक्षको काम, कर्तब्य र अधिकारः-</u>

(क) अध्यक्षको अनुपस्थितिमा कार्यकारिणी समितिको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने गराउने,

(ग) विधानले तोके अनुसार र अध्यक्षद्वारा प्रत्यायोजित कार्य गर्ने।

(३) <u>सचिवको काम, कर्तब्य र अधिकारः-</u>

(क) अध्यक्षको निर्देशन अनुसार साधारण सभाको र कार्यकारिणी समितिको बैठक बोलाउने,

(ख) संस्थाको दैनिक प्रशासकीय कार्य गर्ने,

(ग) संस्थाको रेखदेख, नियन्त्रण निर्देशन गर्ने तथा विभिन्न व्यक्ति तथा निकायसँग सम्बन्ध राख्ने र पत्राचार गर्ने,

(घ) साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट पेस गर्नुपर्ने वार्षिक प्रगति प्रतिवेदन, भावी योजना तथा कार्यक्रम प्रस्तुत गर्ने,

(ङ) साधारण सभा र कार्यकारिणी समितिको निर्णय बमोजिम कार्य गर्ने गराउने,

(च) संस्थाको बिल, भरपाई, भौचर, दर्ता, चलानी तथा अन्य आवश्यक कागजात सुरक्षित र पारदर्शिताका साथ राख्ने/राख्न लगाउने,

(छ) बैठकको कार्यसूची तयार गर्ने, सूचना गर्ने, बैठकको निर्णय पुस्तिका लेख्ने र सुरक्षित राख्ने।

(४) <u>सहसचिवको काम, कर्तब्य र अधिकारः-</u>

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने काम गर्ने,

(ख) विधानले तोके अनुसार र सचिवद्वारा प्रत्यायोजित कार्य गर्ने।

(५) <u>कोषाध्यक्षको काम, कर्तब्य र अधिकारः-</u>

(क) संस्थाको हिसाब श्रेस्ता दुरुस्त राख्ने,

(ख) आर्थिक प्रतिवेदन तयार गरी साधारण सभा तथा कार्यकारिणी समितिमा पेस गर्ने,

(ग) आर्थिक प्रशासनको कार्य गर्ने,

(घ) आर्थिक हिसाब पारदर्शी रुपमा दुरुस्त राख्ने,

(ङ) बैठकमा खाता खोली कोष स्थापना गर्ने र संस्थाको चल अचल सम्पत्तिको संरक्षण सम्वर्द्धन र सदुपयोग गर्ने,

(च) प्रत्येक आर्थिक वर्षको हिसाबको लेखा परीक्षण गराउने।

(६) सदस्यको काम, कर्तब्य र अधिकारः-

(क) नियमित बैठकमा उपस्थित भई सक्रिय रुपमा छलफलमा भाग लिने,

(ख) कार्यकारिणी समितिको जिम्मेवारी तदारुकताका साथ निर्वाह गर्ने,

(ग) संस्थाको उद्देश्य बमोजिमको काम गर्न क्रियाशील रहने,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**१५. गणपुरक सङ्ख्याः** कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन, तर विधानको दफा ११ को उपदफा ४ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।

**१६. संस्थाको कोषः**

(१) संस्थाको छुट्टै आफ्नो एउटा कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन्।

(क) सदस्यता शुल्कबाट प्राप्त रकम।

(ख) कसैले स्वेच्छाले दिएको कार्यक्रम वा अनुदान।

(ग) ऋण।

(२) विदेशी सङ्घ संस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

**१७. खाता सञ्चालनः** संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाटखाता सञ्चालन हुनेछ। प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेष्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ।

**१८. संस्थाको लेखा र लेखापरीक्षणः**

(१) संस्थाको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) संस्थाको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ।

(३) स्थानीय सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ।

(४) लेखापरीक्षक नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ। प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ। लेखापरीक्षकको वार्षिक प्रतिवेदन स्थानीय सरकार लगायत सम्बन्धित निकायमा पेस गरिनेछ।

## परिच्छेद ६
## निर्वाचन सम्बन्धी व्यवस्था

१९. **निर्वाचन सम्बन्धी व्यवस्थाः**

(क) प्रत्येक कार्य समितिको पदावधि पद सम्हालेको मितिले ३ वर्षको हुनेछ। पदावधी समाप्त हुनुभन्दा एक महिना अगावै कार्य समितिले एकजना निर्वाचन अधिकृत र दुई जना सहायक समेत तीन जना मनोनयन गरी निजहरुद्वारा निर्वाचनको व्यवस्था गर्नेछ। संस्था दर्ता भएको एक वर्ष भित्र विधान अनुसार चुनाव गराई सोको जानकारी स्थानीय सरकारलाई दिनुपर्नेछ।

(ख) निर्वाचन गर्नु पर्दा एउटा निर्वाचन समिति गठन गरिनेछ। निर्वाचन समितिले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समितिको स्वतः विघटन हुनेछ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेद्वारी दिन पाउने छैनन् तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्।

२०. **उम्मेद्वार हुने योग्यताः**

(क) संस्थाको सदस्य हुनुपर्ने।

(ख) कुनै कानूनद्वारा अयोग्य नठहरेको।

(ग) संस्थाको उद्देश्य बमोजिम काम गर्न प्रतिवद्ध रहेको।

२१. **अविश्वासको प्रस्तावः** सिङ्गो कार्य समिति वा समितिको कुनै पदाधिकारी उपर विश्वास छैन भने कुल सदस्य संख्याको १/३ (एक तिहाई) सदस्यले अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछन्। त्यस्ता प्रस्ताव माथि छलफल गरी उक्त प्रस्तावलाई समितिले १५ दिनभित्र विशेष साधारण सभा बोलाउनेछ र २/३ (दुई तिहाई) बहुमतबाट अविश्वासको प्रस्ताव पारित भए सिङ्गो कार्य समिति वा पदाधिकारी पद मुक्त हुनेछन्। आरोपित व्यक्तिलाई १५ दिनभित्र आफ्नो सफाई पेस गर्ने मौका दिइनेछ। तोकिएको समयमा आफ्नो सफाई पेस नगरे निज स्वतः पद मुक्त हुनेछन्।

२२. **विधान संशोधनः** कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र विधानको दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको दफा संशोधन वा खारेज भएको मानिनेछ।

२३. **विनियम बनाउन सक्नेः** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ।

२४. **तदर्थ समितिः** यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नको लागि समितिको गठन गर्नुपर्नेछ, सो अवधिमा कार्य समितिले गरेका कामहरु यस विधान अनुसार भएको मानिनेछ।

२५. **संस्था खारेजीः**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव गरी संस्था खारेज गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लेखापरीक्षकहरु नियुक्ति गर्न सक्नेछन्। लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारबाही गर्न सक्नेछन्।

(४) विविध कारणवस संस्था विघटन भएमा यसको चल अचल सम्पत्ति स्थानीय सरकारको हुनेछ।

२६. **ऐन अनुसार हुनेः** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

२७. **नियम पालनाः** स्थानीय सरकारबाट प्राप्त निर्देशन संस्थाले पूर्ण रुपमा पालना गर्नेछ।

२८. **संस्थापकहरुको मञ्जुरीः** हामी ... ... ... ... ... ... संस्थाको निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई विधानमा सहिछाप गर्दछौं।

| क्र.सं. | संस्थापकको नाम थर | ठेगाना | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | अध्यक्ष | | |
| २ | | | उपाध्यक्ष | | |
| ३ | | | सचिव | | |
| ४ | | | सहसचिव | | |
| ५ | | | कोषाध्यक्ष | | |
| ६ | | | सदस्य | | |
| ७ | | | सदस्य | | |
| ८ | | | सदस्य | | |
| ९ | | | सदस्य | | |

## विधानको अनुसूची (१)

(१) छाप खण्डाकार/गोलाकार/वा … … … … … हुनेछ।

(२) … … … भित्रको घेराको वरिपरी … … … … … … … … लेखिएको हुनेछ।

(३) छापको … … … … … स्थानमा स्थापना मिति २०… … … … … … हुनेछ।

(४) अन्य कुनै चिन्ह वा विवरण भए सोही अनुसार व्याख्या गर्ने … … … … … … … ।

(५) तपसिल अनुसारका हुने भनि उल्लेखित विवरण अनुसारको छाप रेखा चिन्हमा स्पष्ट रुपमा लेखिएको हुनुपर्ने।

**(संस्थाको छाप)**

**प्रमाणीकरण मितिः** २०८१/०७/३०

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा